# प्रतापपुर गाउँपालिकाको स्वास्थ्य नीति

## २०७९

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७९ पौष २७

प्रमाणीकरण
उमेश चन्द्र यादव
अध्यक्ष

प्रतापुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बेलाटारी, नवलपरासी ( बर्दघाट सुस्ता पश्चिम )
लुम्बिनी प्रदेश, नेपाल

# प्रतापपुर गाउँपालिकाको स्वास्थ्य नीति

## २०७९

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७९ पौष २७

प्रतापुर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बेलाटारी, नवलपरासी ( बर्दघाट सुस्ता पश्चिम )

लुम्बिनी प्रदेश, नेपाल

# प्रतापपुर गाउँपालिकाको

# स्वास्थ्य नीति २०७९

## १ पृष्ठभूमि

नेपालको सविंधानले आधारभूत स्वास्थ्य सेवालाई नागरिकको मौलिक हकको रुपमा स्थापित गरेको छ । स्वास्थ्य क्षेत्रलाई समयानुकुल विकास तथा मार्गनिर्देश गर्न एवं नागरिकको गुणस्तरीय स्वास्थ्य सेवा पाउने अधिकारलाई सुनिश्चित गर्न नेपालले राष्ट्रिय स्वास्थ्य नीति २०७६ र जनस्वास्थ्य सेवा ऐन २०७५ जारी गरिसकेको छ । यसै सन्दर्भमा लुम्बिनी प्रदेश सरकारले पनि आफ्नो स्वास्थ्य नीति २०७७ पारित गरी जारी गरिसकेको अवस्था छ । संविधान तथा कानूनले प्रत्याभूत गरेको स्वास्थ्य सम्वन्धी एकल तथा साझा अधिकार कार्यान्वयन गर्नु सम्बन्धित पालिकाको दायित्व हो । सङ्क्रामक रोगहरू नियन्त्रणमा प्राप्त उपलब्धिहरूलाई कायम राख्नु, नवजात शिशु तथा मातृ मृत्युदरलाई घटाउनु, बढ्दै गएको नसर्ने रोगको नियन्त्रण गर्नु, कुनै पनि बेला हुनसक्ने स्वास्थ्य सम्बन्धी विपद् व्यवस्थापन तत्काल गर्नु, स्वास्थ्य सेवाको पहुँचमा पुग्न नसकेका नागरिकलाई सेवाको क्षेत्रमा समेट्ने, जेष्ठ नागरिक, शारीरिक तथा मानसिक रुपमा अशक्त भएका, एकल महिला, गरिब, सीमान्तकृत र जोखिममा रहेका समुदायलाई गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ रुपमा उपलब्ध गराउनु स्थानिय सरकारको प्रमुख दायित्व हुन आएको छ । यिनै विविध अवस्थालाई मध्यनजर गर्दै स्थानीय आवश्यकताको पहिचान गरी स्वास्थ्य क्षेत्रका समस्यालाई न्युनिकरण गर्न स्थानीय सरकारले प्रभावकारी नीति तथा कानुन बनाई अगाडि बढ्नु अति आवश्यक देखिएको छ ।

स्वास्थ्य सेवामा समान पहुँच स्थापित गर्न, जनउत्तरदायी एवं कुशल व्यवस्थापनको माध्यमबाट आवश्यक तथा उपलब्ध सबै स्रोत र साधनको अधिकतम परिचालन गरी संघीय संरचनामा स्वास्थ्य सेवा प्रणाली विकास, विस्तार र सुधार गर्दै विद्यमान तथा नयाँ चुनौतीहरूलाई सही ढङ्गले सम्बोधन गरेर गाउँपालिकावासीको स्वास्थ्य प्रवर्धन, संरक्षण, सुधार र पुर्नस्थापना गर्न गाउँपालिका भित्रका स्वास्थ्य, खानेपानी-सरसफाइ तथा पोषण सम्वन्धी आबस्यकता र विद्यमान अवस्थाको विश्लेषणका आधारमा प्रस्तुत प्रतापपुर गाउँपालिकाको स्वास्थ्य नीति, २०७९ तयार गरी लागु गरिएको छ ।

## २ विगतमा गरिएका प्रयासहरु

प्रतापपुर गाउँपालिकाले सुरुवात देखि नै स्थानीय तह अन्तर्गतका स्वास्थ्य संस्थाहरुबाट अत्यावश्यक निःशुल्क आधारभूत स्वास्थ्य सेवा शुरु गरी गाउँपालिकाबासीको स्वास्थ्यको हक सुनिश्चित गर्ने प्रयास गरेको छ । संघीयता कार्यान्वयनका क्रममा स्थानिय तहको स्वास्थ्य क्षेत्रका जिम्बेवारीहरु पूरा गर्न गाउँपालिका अन्तगत स्वास्थ्य शाखाको स्थापना गरिएको छ भने गाउँपालिका मातहतका स्वास्थ्य चौकीहरु गाउँपालिकालाई हस्तान्तरण भएका छन् । यसै गरी साबिकमा स्वास्थ्य चौकी नरहेका वडाहरु मध्ये वडा न.१ र ८ मा आधारभूत स्वास्थ्य सेवा केन्द्र स्थापना भई सञ्चालनमा आएका छन् भने वडा न. ७ मा प्रसुती सेवा केन्द्र (Birthing Centers) स्थापना गरी सञ्चालन गर्ने तयारीमा छ ।

गाउँपालिकाले स्वास्थ्यको क्षेत्रमा स्थानिय आवश्यकताका आधारमा समानीकरण अनुदान अन्तर्गतको रकम विनियोजन गरी बिभिन्न प्रभावकारी कार्यक्रमहरु सञ्चालन गरिरहेको छ । उदाहरणका लागि सुत्केरी स्याहार कार्यक्रम अन्तर्गत मापदण्ड पूरा गरेका प्रत्येक सुत्केरीलाई गाउँपालिकाबाट थप दुई हजार रुपैंयाँ प्रदान गर्दै आइरहेको छ, खोप सेवा अन्तर्गत खोप कार्यकर्तालाई भत्ताको व्यवस्था गरेको छ, महिला स्वास्थ्य स्वयं



प्रमाणीकरण उमेश चन्द्र यादव अध्यक्ष

सेविकाहरुको मासिक समिक्षाको लागि प्रत्येक म.स्वा.से लाई प्रति महिना एक हजार रुपैयाँ प्रदान गर्दै आइरहेको छ, प्राथमिक स्वास्थ्य केन्द्रबाट अल्ट्रासाउण्ड सेवाको प्रवाह भइरहेको छ । गाउँपालिकाबासीको आधारभुत स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्न तथा स्वास्थ्य क्षेत्रमा गरेका उपलब्धिहरुलाई संरक्षण गर्दै आगामी दिनहरुमा तथ्यमा आधारित योजना निर्माण गर्न आबश्यक धरातल प्रदान गर्नका लागि गाउँपालिकाले स्वास्थ्यको बस्तुस्थिति झल्कने गरि विद्युतिय स्वास्थ्यको प्रोफाईल तयार भएको छ जुन गाउँपालिकाको वेवसाइटमा समेत राखिएको छ ।

## २.१ हालको अवस्था

वि.सं. २०६८ सालको जनगणना अनुसार प्रतापपुर गाउँपालिकाको कुल जनसंख्या ४५२४१ रहेको छ, जसमध्ये पुरुष २२७८७ जना र महिला २२४५४ जना छन् । गाउँपालिका भित्र जम्मा घरधुरी संख्या ७३८६ रहेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (HMIS) को आ.व. २०७८/०७९ को लागि गरिएको प्रक्षेपण अनुसार यस प्रतापपुर गाउँपालिकाको कुल जनसंख्या ५४०९४ पुगेको अनुमान गरिएको छ जसमध्ये १ वर्ष मुनिका बालबालिकाको संख्या ९३६ छ भने ५ वर्ष मुनिका बालबालिकाको संख्या ४७०१ रहेको छ । त्यस्तै १० वर्ष देखि १९ वर्ष सम्मका किशोरकिशोरीको संख्या ९६०७ छ । १५ देखि ४९ वर्षका प्रजनन् उमेरका बिबाहित महिलाहरूको संख्या ११९१५ रहेको छ । गाउँपालिकामा अनुमानित गर्भवती महिलाहरूको संख्या १२२३ छ र अनुमानित जीवित जन्मने बच्चाहरूको संख्या ९६२ जना छ । यो प्रक्षेपण अनुसार ६० वर्ष माथिका व्यक्तिहरूको संख्या ५३६८ छ । हाल यस गाउँपालिकामा १ प्राथमिक स्वास्थ्य केन्द्र, ६ वटा स्वास्थ्य चौकी र २ आधारभूत स्वास्थ्य सेवा केन्द्रले स्वास्थ्य सेवा प्रवाह गरिरहेका छन् । प्रतापपुर गाउँपालिकाको केही महत्वपूर्ण स्वास्थ्य सूचकहरूलाई राष्ट्रिय सूचकसँग तुलना गरी देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

| क्रं.सं. | सूचकहरू | बर्तमान अवस्था २०७८/०७९ (DHIS2) | | | | दिगोविकास लक्ष (२०३० सम्म) |
|---|---|---|---|---|---|---|
| | | प्रतापपुर गाउँपालिका | नवलपरासी (ब.सु.प.) | लुम्बिनी प्रदेश | नेपाल | |
| १ | प्रोटोकल अनुसार ४ पटक गर्भजाँच गराउने महिलाको प्रतिशत | ६३ | ७९ | ७९.७ | ७९.४ | ९० |
| २ | संस्थागत प्रसुतीको प्रतिशत | ८१.६ | ४८.९ | ९४.२ | ७९ | ९० |
| ३ | दक्ष स्वास्थ्यकर्मीबाट गरिएको प्रशुती दर | ८१ | ४४.१ | ८९.८ | ७५ | |
| ४ | प्रोटोकल अनुसार ३ पटक उत्तर प्रशुती जाँच दर | ५४.२ | ४७.२ | ५३.७ | ४०.८ | ९० |
| ५ | ५ वर्ष मुनिका बालबालिकाको निमोनिया दर (प्रति हजार) | २५.३ | ३३.४ | ४३.१ | ५५.१ | |
| ६ | ५ वर्ष मुनिका बालबालिकाको झाडापखाला दर (प्रति हजार) | ३७५.५ | २८६.८ | ३४६.६ | ३६४.८ | |
| ७ | ORS र Zinc बाट पखालाको उपचार पाएका ५ बर्ष मुनिका बालबालिकाको प्रतिशत | ९५.९ | ९७.६ | ९८.७ | ९४.५ | |
| ८ | सबै आधारभूत खोप पाएका बच्चाहरूको प्रतिशत (पूर्ण खोप) | १००.२ | ९८.९ | ९६.५ | ९१.२ | |

| क्र.सं. | सूचकहरू | बर्तमान अवस्था २०७८/०७९ (DHIS2) | | | | दिगोविकास लक्ष (२०३० सम्म) |
|---|---|---|---|---|---|---|
| | | प्रतापपुर गाउँपालिका | नवलपरासी (ब.सु.प.) | लुम्बिनी प्रदेश | नेपाल | |
| ९ | कुष्ठरोगको दर (प्रति १०,००० जनसंख्या) | १७.८ | २ | १.१ | ०.७८ | |
| १० | क्षयरोगको केश नोटिफिकेसन दर | ९९.१ | १२२.१ | १५७.४ | १२९.१ | |

# ३ बिद्यमान स्वास्थ्य समस्या, चुनौती तथा अवसरहरु

## ३.१ स्वास्थ्य समस्या

- अधिकांश स्वास्थ्य संस्थाहरुको भौतिक अवस्था सन्तोषजनक नभएको र समयानुकूल सुधार गर्न नसकिएको र न्यूनतम पूर्वाधार सहितको रोग निदान सेवा उपलब्ध हुन सकेको छैन ।
- मौजुदा स्वास्थ्य संस्थाहरुमा दरवन्दी अनुसारका स्वास्थ्यकर्मीहरु पूर्ण रुपमा पूर्ति हुन सकेका छैनन् । स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मीहरुका लागि समुचित र उत्साहप्रद काम गर्ने वातावरण पनि सृजना गर्नु पर्ने देखिन्छ ।
- औषधि भण्डारणको उचित ब्यवस्था (स्थान, कोल्डचेन आदि) गर्नु पर्नेछ ।
- नसर्ने खालका रोगहरु जस्तै उच्च रक्तचाप, मधुमेह, मानसिक रोगहरुको समस्या पनि बढ्दो छ र यसको रोकथाम गर्नु जरुरी भएको छ ।
- सवै तह, वर्ग र क्षेत्रका समुदायको आधारभूत स्वास्थ्य सेवामा समतामुलक पहुँच पुग्न सकेको छैन ।
- गरिबी, अशिक्षा एवं चेतनाको अभावका कारण कुपोषण तथा सरसफाइको समस्या रहेको छ ।
- गाउँपालिकामा खानेपानी आर्सनिक तथा आइरन युक्त पाइएकोले स्वच्छ खानेपानीको उपलब्धताको पनि समस्या रहेको छ ।
- अझै पनि यस गाउँपालिकाका महिलाहरु घरैमा सुत्केरी हुने, किशोरावस्थामै बच्चा जन्माउने गरेको पाइएको छ । यसका साथै महिलाहरुमा पाठेघर सम्बन्धी समस्या पनि व्याप्त रहेको छ ।
- आयूर्वेदिक उपचार पद्दतीको विकास, अनुसन्धान र उपयोग हुन सकेको छैन ।
- जेष्ठ नागरिक तथा अपाङ्गता भएका ब्यक्तिहरुको स्वास्थ्य उपचार, किशोर किशोरीहरुको यौन तथा प्रजनन स्वास्थ्य, विद्यालय जाने उमेरका बालबालिकाको स्वास्थ्य प्रवद्र्धधनका लागि उचित स्वास्थ्य सेवाको व्यवस्था हुन सकेको छैन ।
- युवाहरुमा लागु औषध दुव्र्यसनी, मद्यपान तथा धुम्रमान गर्ने समस्या बढ्दो छ । यसले लैङ्गिक हिंसा पनि बढाएको पाइएको छ ।
- स्वास्थ्य क्षेत्रमा भएको लगानीको समुचित सदुपयोग भएको, नागरिकले पाएको स्वास्थ्य सेवा र ऐन नियमका कार्यान्वयनको सम्वन्धमा नियमित र प्रभावकारी अनुगमन हुन सकेको छैन ।
- गाउँपालिका भित्र आवश्यकता अनुसारको ठाउँमा र नागरिकको हित हुने गरी स्वास्थ्य क्षेत्रमा निजी क्षेत्रको सहभागिता बढ्न सकेको छैन । स्वास्थ्य क्षेत्रमा पर्याप्त सरकारी÷निजी लगानी हुन सकिरहेको छैन ।

प्रमाणीकरण उमेश चन्द्र यादव अध्यक्ष

- स्वास्थ्य क्षेत्रमा सुशासनका औजारहरु (पारदर्शिता, सामाजिक परिचालन, नागरिक बडापत्र, सार्बजनिक सुनुवाइ र नागरिकका गुनासाहरु सुन्ने तौरतरिका) को उचित व्यवस्थापन र समुचित प्रयोग हुन नसकेकोले जनतामा सार्वजनिक स्वास्थ्य सेवा प्रतिको असन्तुष्टी अझै कायम छ ।
- परम्परागत धामी-झाक्री (सोखा, गुरौं) को अभ्यास गर्नु ।
- प्रतापपुर गाउँपालिका भित्र वातावरणिय प्रदुषण बढ्दो छ जसका कारणले यस बाट सिर्जित स्वास्थ्य समस्या पनि बढ्दै गइरहेको छ ।

## ३.२ चुनौती

- स्वास्थ्यका सबै क्षेत्रमा नागरिकको समतामूलक पहुँच स्थापित गर्नु ।
- निःशुल्क गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा सबै गाउँपालिकावासीहरू विशेष गरी महिला, बालबालिका, अति विपन्न र जोखिममा परेका नागरिकलाई सर्बसुलभ रुपमा उपलब्ध गराउनु ।
- स्वास्थ्य उपचारमा उच्च रहेको व्यक्तिगत खर्च घटाउनु तथा स्वास्थ्य बिमालाई प्रभावकारी रुपमा कार्यान्वयन गराउनु ।
- स्वास्थ्य क्षेत्रको लागि पर्याप्त आर्थिक स्रोतको निर्धारण र उपलब्धता सुनिश्चितता गर्नु ।
- संघीय नीति तथा मापदण्ड अनुरुप स्वास्थ्य संस्थाको स्थापना गरी सञ्चालन गर्नु ।
- स्वास्थ्य सुचना प्रणालीलाई थप व्यवस्थित, एकिकृत र प्रविधि मैत्री बनाउनु ।
- नीति निर्माण तथा निर्णय प्रक्रियामा तथ्याङ्कको प्रयोग बढाउनु ।
- स्वास्थ्य, पोषण तथा सरसफाइ क्षेत्रमा सुशासन कायम गर्नु ।

## ३.३ अवसरहरु

- संविधानतह स्थानिय तहमा स्वास्थ्यको जिम्मेवारी रहनु
- स्थानिय तहमा अस्पताल तथा सबै वडाहरुमा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माणको अवधारणा
- कार्य सम्पादनका आधारमा प्रोत्साहन तथा सजायको व्यवस्था गर्न सकिने
- दरवन्दी अनुसार जनशक्ति पूर्ति साथै करारमा थप जनशक्तिको व्यवस्था गर्ने
- स्थानीय स्तरबाट नियमित अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षण योजनाबद्व तरिकाले गर्न सकिने
- गैरसरकारी तथा निजी क्षेत्रहरुसँग सहकार्य र समन्वय गरेर कार्य गर्न सकिने
- गुणस्तरीय तथ्याङ्कका आधारमा वार्षिक कार्ययोजना निर्माण गरी यथेष्ट वजेट विनियोजन गर्न सकिने
- जनप्रतिनिधिहरुको स्वास्थ्य प्रति सकारात्मक दृष्टिकोण हुनु

प्रमाणीकरण
जगदीश चन्द्र यादव

## ४ गाउँपालिका स्वास्थ्य नीतिको औचित्य, निर्देशक सिद्धान्त, भावी सोच, ध्येय, लक्ष्य तथा उद्देश्यहरु

### ४.१ नीतिको औचित्य

स्वास्थ्य क्षेत्रले विगतमा हासिल गरेका उपलब्धिहरूलाई दिगो बनाउँदै सेवामा अविच्छिन्नता कायम राख्दै विद्यमान स्वास्थ्य समस्या तथा चुनौतीहरूको सम्बोधन गरी गुणस्तरीय स्वास्थ्य सेवामा नागरिकको संविधान प्रदत्त हक सुनिश्चित गर्न एवं संघीय संरचना अनुरूप सविधानले दिएको एकल अधिकार एवं साझा अधिकार क्षेत्र तथा दायित्व अनुरूप स्वास्थ्य सेवाको संरचना विकास तथा विस्तारका साथै गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि मार्गदर्शन गर्नु अपरिहार्य छ । राष्ट्रिय स्वास्थ्य नीति, प्रादेशिक स्वास्थ्य नीति तथा नेपाल सरकारले गरेको अन्तराष्ट्रिय प्रतिबद्धताहरूलाई आत्मसाथ गर्दै गाउँपालिकाको प्राथमिकता अनुकूल हुने गरी स्वास्थ्य सेवा प्रणालीलाई सुदृढ तथा व्यवस्थित गरी चलायमान गर्नका लागि गाउँपालिकाले स्वास्थ्य नीति प्रतिपादन गर्न अति आवश्यक भएको छ ।

### ४.२ निर्देशक सिद्धान्त

माथि उल्लेखित समस्या, चुनौती तथा औचित्यका आधारमा गाउँपालिकाले स्वास्थ्य नीति तयार गर्दा यसका केही मौलिक निर्देशक सिद्धान्त प्रतिपादन गरी सोही आधारमा नीति तथा रणनीति तय गरिएका छन् । प्रस्तुत निर्देशक सिद्धान्तका आधारमा गाउँपालिकाको स्वास्थ्य तथा सरसफाइ नीति, २०७९ कार्यान्वयन गरिनेछ ।

१. गुणस्तरीय स्वास्थ्य सेवाको सर्वव्यापी पहुँच
२. सामाजिक न्यायको आधारमा समतामूलक स्वास्थ्य सेवा
३. तथ्यमा आधारित योजना, पर्याप्त लगानी र कुशल व्यवस्थापन
४. सुशासन, जवाफदेहिता र पेशागत आचरण प्रति प्रतिबद्धता
५. सार्वजनिक निजी साझेदारी
६. प्रभावकारी नियमन, अनुगमन, मुल्याङ्कन तथा सुपरिवेक्षण
७. अन्तर सरकारी तथा बहुक्षेत्रीय सहभागिता, समन्वय र सहकार्य
८. आयुर्वेद तथा अन्य वैकल्पिक चिकित्सा पद्धतिको प्रवर्धन तथा समुचित व्यवस्थापन

### ४.३ भावी सोच (Vision)

प्रतापपुर गाउँपालिकाका सबै नागरिकहरू शारीरिक, मानसिक, सामाजिक र भावनात्मक रूपमा स्वस्थ रही उत्पादनशील र गुणस्तरीय जीवन यापन गर्न सक्षम हुने ।

## ४.४ ध्येय (Mission)

उपलब्ध साधन स्रोतको अधिकतम प्रयोग गरी सम्बन्धित संघीय मन्त्रालय, प्रदेश सरकार, स्वास्थ्य सेवा प्रदायक, सेवाग्राही तथा सरोकारवालाहरू बीच समन्वय र रणनीतिक सहकार्य गरी नागरिकहरूको स्वस्थ रहन पाउने मौलिक अधिकारको सुनिश्चित गर्ने ।

## ४.५ लक्ष्य (Goal)

सबै नागरिकहरु विशेष गरी महिला, दलित, जनजाति तथा बञ्चितिमा परेकाहरुको गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच तथा उपभोगमा बृद्धि गरी समतामुलक, न्याय सङ्गत एवं जवाफदेही स्वास्थ्य सेवा प्रणालीको माध्यमबाट जनताको स्वास्थ्य अवस्थामा उच्चतम सुधार ल्याउने ।

## ४.६ उद्देश्यहरू (Objectives)

१. गाउँपालिकाबासीलाई गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने तथा आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित हुन नपर्ने वातावरण सृजना गर्ने ।

२. सबै वडाहरुमा आवश्यक सेवा तथा पूर्वाधार, औषधी, औजार तथा उपकरण, सूचना प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको सक्षम, प्रभावकारी एवं जवाफदेही स्वास्थ्य सेवा प्रणाली मार्फत गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध भएको सुनिश्चित गर्ने ।

३. स्वस्थ जीवन शैली, सरसफाइ, व्यवहार परिवर्तन र स्वास्थ्यमा प्रतिकूल असर पार्ने मानवीय तथा वातावरणीय कारक तत्वहरुलाई निरुत्साहित गरी स्वास्थ्य प्रवर्धन गर्ने ।

४. स्वास्थ्य क्षेत्रको आवश्यकता पहिचान, योजना तर्जुमा, व्यवस्थापन र अनुगमनमा जनसहभागिता सुनिश्चित गर्ने ।

५. स्वास्थ्य सेवा प्रवाहमा सुशासन कायम गर्दै बहुक्षेत्रीय समन्वय, सहकार्य र सरकारी निजी साझेदारी प्रवर्धन गर्ने ।

# ५ नीतिहरु

प्रतापपुर गाउँपालिकाको विशिष्टिकृत भौगोलिक, सामाजिक तथा स्वास्थ्य सेवा सम्वन्धी समस्या र चुनौतीलाई सम्वोधन गर्दै गाउँपालिकाबासीलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न गाउँपालिकाले देहायका नीति अवलम्वन गरेको छ ।

५.१ सर्बब्यापी पहुँचको अवधारणा अनुसार गाउँपालिकावासीलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा अविच्छिन्न प्रवाह गरिनेछ ।

५.२ स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै स्वास्थ्य सेवालाई जनमुखी, जवाफदेही एवं परिणाममुखी बनाइनेछ ।

५.३ समयानुकूल गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको लागि न्युनतम पूर्वाधार सहितको निदानात्मक सेवाको ब्यवस्था तथा विस्तार गरिनेछ ।



प्रमाणीकरण उमेश चन्द्र यादव

५.४ स्वास्थ्य क्षेत्रको दिगो विकासका लागि स्वास्थ्य क्षेत्रमा गाउँपालिकाको लगानी वृद्धि गर्दै संघ, प्रदेश तथा अन्य क्षेत्रको लगानीलाई ब्यवस्थित गरी स्वास्थ्य सेवामा जनताले व्यक्तिगत खर्च गर्नुपर्ने अवस्थालाई न्यूनीकरण गर्दै लगिनेछ ।

५.५ तथ्यमा आधारित योजना निर्माण गर्न स्वास्थ्य सम्बन्धी सुचना प्रणालीलाई सुदृढ बनाइनुका साथै स्वास्थ्य सेवा प्रणालीलाई समयानुकुल प्रविधि मैत्री बनाउदै स्वास्थ्य अनुसन्धानलाई प्रबर्धन गरिनेछ ।

५.६ स्थानीय आवश्यकताका आधारमा दक्ष जनशक्तिको विकास तथा प्रभावकारी ब्यवस्थापन गरिनेछ । साथै सामाजिक, साँस्कृतिक तथा धार्मिक नेतृत्वलाई परिचालन गरी सेवाग्राहीहरुलाई स्वास्थ्य सेवा प्रणालीमा मुलप्रवाहीकरण गर्न उत्प्रेरित गरिनेछ ।

५.७ गाउँपालिकाबासीको पोषण स्थितिमा सुधार गर्न स्वास्थ्य बर्धक खाद्य पदार्थको उत्पादन, सुरक्षा, प्रवर्धन, पहुँच र उपभोगमा बृद्धि गरिनेछ ।

५.८ आयूर्वेद तथा बैकल्पिक चिकित्सा पद्धतीहरुको विकास तथा विस्तार गरी समन्वयात्मक रुपमा सेवा प्रवाहलाई ब्यवस्थित गरिनेछ ।

५.९ वातावरणबाट स्वास्थ्यमा पर्ने प्रतिकूल असरहरु न्यूनीकरण तथा व्यवस्थापन गरिनुका साथै पेशागत स्वास्थ्य सुरक्षा, सरसफाइ र स्वच्छतालाई प्रोत्सहान, प्रवर्धन र ब्यवस्थापन गरी जनस्वास्थ्यमा पर्ने प्रतिकुल असरहरुलाई न्युनीकरण गर्दै लगिनेछ ।

५.१० जनस्वास्थ्यको आपतकालिन अवस्था तथा अन्य महामारी, विपद वा प्रकोपको असरहरुको न्यूनीकरण, प्रतिकार्य एवं पूनःस्थापना बहुपक्षीय सहकार्यद्वारा उचित व्यवस्थापन गरिनेछ ।

५.११ सामाजिक, आर्थिक, भौगोलिक तथा साँस्कृतिक हिसाबले पछाडि वा वञ्चितीमा परेका महिला, दलित, जनजाति, ज्येष्ठ नागरिक, अशक्त वा अपाङ्गता भएका व्यक्ति लगायत सीमान्तकृत समुदायको गुणस्तरीय स्वास्थ्य सेवामा सहज पहुँच र उपभोग सुनिश्चित गरी सामाजिक सुरक्षा कार्यक्रमलाई सुदृढ गरिनेछ ।

५.१२ सुरक्षित मातृत्व, नवजात शिशु तथा बाल स्वास्थ्य, किशोरावस्थाको स्वास्थ्य, प्रजनन् स्वास्थ्य तथा परिवार योजना सेवाको विकास र विस्तार गरी पहुँच सुनिश्चित गरिनेछ ।

५.१३ स्वास्थ्य क्षेत्रका प्रगति एवं उपलब्धिहरुलाई संस्थागत गर्दै थप उपलब्धि हाँसिल गर्न सरकारी तथा निजी क्षेत्रबाट संचालित स्वास्थ्य सेवाको गुणस्तरीयता सुनिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन, सुपरिवेक्षण तथा नियमन गरिनेछ ।

५.१४ बिभिन्न सङ्क्रामक, कीटजन्य, पशुपन्छीजन्य रोग, सर्पदशं एवं सिकल सेल एनेमिया लगायतका रोगहरुको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन प्रभावकारी रुपमा गरिनेछ ।

५.१५ नसर्ने रोग तथा मानसिक रोगको रोकथाम तथा व्यवस्थापन, सुर्तीजन्य बस्तुको प्रयोग, मादक पदार्थ सेवन, लागुपदार्थ दुव्र्यसनी लगायतका स्वास्थ्य समस्याहरुलाई नियन्त्रण तथा निरुत्साहित गरी स्वस्थकर जीवनयापन गर्न प्रोत्साहन र प्रवर्धन गरिनेछ ।

## ६ नीति अन्तर्गत रणनीतिहरु

**नीति १ सर्बब्यापी पहुँचको अवधारणा अनुसार गाउँपालिकावासीलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह गरिनेछ ।**

६.१.१ राष्ट्रिय मापदण्ड बमोजिमका आधारभुत स्वास्थ्य सेवाहरु गाउँपालिकाको सवै वडाहरुमा कम्तीमा एक स्वास्थ्य संस्था स्थापना गरी निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराइनेछ ।

६.१.२ आम जनतालाई विशेषज्ञ स्वास्थ्य सेवा प्रदान गर्न यस गाउँपालिकामा १५ शैया सम्मको प्राथमिक अस्पतालको स्थापना गरी स्वास्थ्य सेवा प्रवाह गरिनेछ ।

६.१.३ भूगोल र जनघनत्वका आधारमा आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्न हाल सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरु आवश्यकता अनुसार समायोजन, स्थानान्तरण तथा थप स्वास्थ्य संस्थाहरु स्थापना तथा विस्तार गरिनेछ ।

६.१.४ स्वास्थ्य संस्थाहरुलाई बाल, किशोर-किशोरी, अपाङ्ग तथा जेष्ठ नागरिक मैत्री संस्थाको रुपमा विकास गरिनेछ ।

६.१.५ संघ तथा प्रदेशसँग समन्वय गरी आकस्मिक अवस्थामा परी जीवन सङ्कटमा परेका व्यक्तिको उद्धारको लागि एम्बुलेन्स सेवाको व्यवस्था गरिनेछ ।

६.१.६ जिल्ला अस्पताल लगायत अन्य उपल्लो तहको स्वास्थ्य संस्थासँग समन्वय वृद्धि गर्दै दोहोरो प्रेषण प्रणालीलाई सुदृढ गरिनेछ ।

६.१.७ सुरक्षित मातृत्वको लागि प्रेषण सेवालाई थप प्रभावकारी बनाउन सबै स्वास्थ्य संस्थाहरुमा (Emergency Obstetric Care (EOC) Fund) को व्यवस्था गरिनेछ ।

६.१.८ बिरामी, घाइते तथा अशक्त व्यक्तिलाई स्वास्थ्य संस्थासँग पुर्‍याउन प्रत्येक वडामा स्ट्रेचर लगायतका अन्य आवश्यक साधनको व्यवस्था गरिनेछ ।

६.१.९ आवश्यक पूर्वाधार सहितको खोप क्लिनिक तथा गाँउघर क्लिनिक सेवालाई नियमित तथा व्यवस्थित गरिनेछ ।

६.१.१० प्रदेशसँगको सहकार्य तथा समन्वयमा पालिकामा आवधिक रुपमा शल्यक्रिया सहितको विशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

**नीति २ स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै स्वास्थ्य सेवालाई जनमुखी, जवाफदेही एवं परिणाममुखी बनाइनेछ ।**

प्रमाणीकरण उमेश चन्द्र यादव

६.२.१ स्वास्थ्य सेवा प्रवाह र सेवाको गुणस्तरमा सेवाग्राहीहरुको गुनासो, उजुरी तथा सुझावहरु सङ्कलन गर्ने तथा त्यसको छिटो सम्बोधन गर्ने प्रणालीको विकास गरिनेछ ।

६.२.२ स्वास्थ्यमा सुशासन कायम गर्न सामाजिक परिक्षण, सार्बजनिक सुनुवाई, नागरिक बडापत्र लगायतका अन्य सुशासन प्रवर्धन गर्ने विधिको अवलम्बन गरिनेछ ।

६.२.३ सुचना मैत्री स्वास्थ्य संस्था तथा दक्ष एवं जिम्मेवार स्वास्थ्यकर्मीको अवधारणामा सेवाग्राहीको उपचार सम्बन्धी जानकारी पाउने हक र गोपनियताको सुरक्षा गरिनेछ ।

६.२.४ स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षाको लागि उचित व्यवस्था गरिनेछ ।

६.२.५ स्वास्थ्य संस्था संचालन तथा ब्यवस्थापन समितिका सदस्यहरुको क्षमता अभिबृद्धि गरी सकृय, सशक्त एवं जिम्मेवार बनाउनुका साथै समितिको बैठक नियमित गरी स्वास्थ्य संस्थाको प्रभावकारी सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।

६.२.६ स्वास्थ्यकर्मीहरुलाई आफ्नो काम कर्तब्य प्रति जवाफदेही बनाईनेछ ।

६.२.७ स्वास्थ्यसँग सम्बन्धित राष्ट्रिय र अन्तराष्ट्रिय गैरसरकारी सङ्घ संस्था तथा दातृ निकायहरुलाई जनतामुखी र परिणाममूखी कार्य गर्नको लागि उत्प्रेरित गरिनेछ ।

**नीति ३ समयानुकूल गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको लागि न्युनतम पूर्वाधार सहितको निदानात्मक सेवाको ब्यवस्था तथा विस्तार गरिनेछ ।**

६.३.१ गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरु न्यूनतम सेवा मापदण्ड (Minimum Service Standred) तथा राष्ट्रिय चिकित्सा मापदण्ड (National Medical Standard) अनुसार भौतिक पूर्वाधारहरुको स्थापना तथा विकास गरी स्वास्थ्य सेवा प्रवाह गरिनेछ ।

६.३.२ गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थालाई आवश्यक पर्ने औषधी, औजार उपकरणको सूची तयार गरी समयमा नै खरिद, आपूर्ती, भण्डारण, बितरण तथा नियमित मर्मत सम्भार र व्यवस्थापनको कार्यलाई सुदृढ गरिनेछ ।

६.३.३ प्रत्येक स्वास्थ्य संस्थामा क्रमशः मापदण्ड अनुरुप आधारभूत प्रयोगशाला सेवाको स्थापना तथा बिस्तार गर्दै लगिनेछ ।

६.३.४ स्वास्थ्य संस्थामा खानेपानी, शौचालय, बिजुली, इन्टरनेट सेवा लगायत मापदण्ड अनुसारको फोहोरमैला बिसर्जनको व्यवस्था गरिनेछ ।

६.३.५ आपूर्ती व्यवस्थापनलाई चुस्त बनाउन LMIS प्रणालीलाई सुदृढ बनाईनुका साथै पालिका देखि स्वास्थ्य संस्था स्तर सम्म eLMIS प्रणालीबाट आपूर्ती कार्यलाई ब्यवस्थित गरिनेछ ।

६.३.६ संघ तथा प्रदेशको सहकार्यमा स्वास्थ्य संस्थाबाट निःशुल्क वितरण हुने जनस्वास्थ्य कार्यक्रमका तोकिएका औषधी तथा औषधी जन्य सामाग्रीहरु तथा सेवाहरुमा गाउँपालिकाको आवश्यकता अनुसार थप गरी सहज रुपमा उपलब्ध गराईनेछ ।

६.३.७ स्वास्थ्य संस्थाहरुमा सङ्क्रमण रोकथाम तथा नियन्त्रण कार्य राष्ट्रिय निर्देशिका अनुसार लागु भएको सुनिश्चित गरिनेछ ।

**नीति ४ स्वास्थ्य क्षेत्रको दिगो विकासका लागि स्वास्थ्य क्षेत्रमा गाउँपालिकाको लगानी वृद्धि गर्दै संघ, प्रदेश तथा अन्य क्षेत्रको लगानीलाई ब्यवस्थित गरी स्वास्थ्य सेवामा जनताले व्यक्तिगत खर्च गर्नुपर्ने अवस्थालाई न्यूनीकरण गर्दै लगिनेछ ।**

६.४.१ गाउँपालिका स्वास्थ्य नीतिको प्रभाबकारी कार्यान्वयनका लागि दिगो विकास लक्ष्य अनुरुप गाउँपालिकाको स्वास्थ्य क्षेत्रको बजेटलाई बृद्धि गर्दै बार्षिक बजेटको कम्तीमा १० प्रतिशत सम्म पुर्याईनेछ ।

६.४.२ संघीय तथा प्रादेशिक सरकारसँगको समन्वयमा राष्ट्रिय स्वास्थ्य बिमा कार्यक्रमलाई यस गाउँपालिकामा विस्तार तथा प्रभावकारी तुल्याईनेछ । अति गरिब, विपन्न तथा अल्पसङ्ख्यक समुदायहरुलाई तोकिएको मापदण्ड अनुसार निःशुल्क स्वास्थ्य बिमाको व्यवस्था गरिनेछ ।

६.४.३ अति गरिव, असहाय तथा द्वन्द पीडित नागरिकहरुलाई गाउँपाालिकाले परिचयपत्र प्रदान गरी यस गाउँपालकिा भित्र उपलब्ध हुने सम्पूर्ण स्वास्थ्य सेवा निःशुल्क गरिनेछ ।

६.४.४ गाउँपालिकामा स्वास्थ्य क्षेत्रको विकासमा निजी क्षेत्रलाई आमन्त्रित गरी सेवामूलक बनाउन प्रेरित गरिनेछ ।

**नीति ५ तथ्यमा आधारित योजना निर्माण गर्न स्वास्थ्य सम्बन्धी सुचना प्रणालीलाई एकिकृत गरी सुदृढ बनाइनुका साथै स्वास्थ्य सेवा प्रणालीलाई समयानुकुल प्रविधि मैत्री बनाउदै स्वास्थ्य अनुसन्धानलाई प्रबर्धन गरिनेछ ।**

६.५.१ प्रत्येक स्वास्थ्य संस्थाहरुमा बिद्युतीय/अनलाइन अभिलेख तथा प्रतिवेदन गर्ने व्यवस्था गरिनेछ ।

६.५.२ गाउँपालिकामा बिद्युतीय अभिलेख तथा प्रतिवेदन प्रणालीलाई संस्थागत गरी तथ्याङ्क विश्लेषणका निश्कर्षहरुलाई प्राथमिकताका साथ स्वास्थ्य क्षेत्रको निर्णय प्रक्रियामा प्रयोगमा ल्याउने संस्कारको विकास गरिनेछ ।

६.५.३ तथ्याङ्कको गुणस्तरीयता, विश्वसनियता कायम राख्न अनुगमन, सुपरिवेक्षण तथा पृष्ठपोषणको प्रणालीलाई सवलिकृत गरिनेछ ।

६.५.४ स्वास्थ्य संस्थाहरुमा सेवा प्रवाहको अभिलेख राख्ने तथा प्रतिवेदन गर्ने HMIS तथा LMIS का रजिष्टर, फारम तथा फरमेटहरु वर्ष भरी उपलब्ध भएको सुनिश्चित गरिनेछ ।



प्रमाणीकरण

उमेश चन्द्र यादव

६.५.५ गाउँपालिकाको वार्षिक स्वास्थ्य योजना तर्जुमा गर्दा स्वास्थ्यको सुचना प्रणालीबाट उपलब्ध तथ्याङ्क तथा अध्ययनमा आधारित भएर तथ्यपरक योजना निर्माण गर्ने तथा तथ्याङकिय विश्लेषण र व्याख्याको आधारमा निर्णय लिने पद्धतिको विकास गरिनेछ ।

६.५.६ संघ तथा प्रदेशको सहकार्यमा स्वास्थ्य क्षेत्रमा उपलव्ध मानव स्रोत व्यवस्थापन, तालिम व्यवस्थापन, आपूर्ति व्यवस्थापन लगायत सम्पूर्ण सूचना तथा तथ्याङ्कलाई एकिकृत बिद्युतीय सूचना प्रणालीको विकास गरी कार्यान्वयन गर्ने साथै संस्थागत स्मृती संरक्षणका लागि उचित व्यवस्था गरिनेछ ।

६.५.७ स्वास्थ्य क्षेत्रको अध्ययन तथा अनुसन्धनात्मक कार्यलाई व्यवस्थित गर्न गाउँपालिकाको प्राथमिकताका क्षेत्रहरु पहिचान गरी सोको अनुसन्धनात्मक कार्यका लागि प्रोत्साहन र स्रोतको व्यवस्थापन गर्ने तथा अध्ययन, अनुसन्धान र अनुगमनका निश्कर्षहरुलाई प्राथमिकताका साथ योजना मार्फत कार्यान्वयन गरिनेछ ।

६.५.८ सबै निजी तथा गैरसरकारी संस्थाहरुबाट प्रदान गरिने स्वास्थ्य सेवाहरुको अभिलेख तथा प्रतिवेदन सङ्कलन गरिने व्यवस्था गरिनेछ ।

**नीति ६ स्थानीय आवश्यकताका आधारमा दक्ष जनशक्तिको विकास तथा प्रभावकारी ब्यवस्थापन गरिनेछ । साथै सामाजिक, साँस्कृतिक तथा धार्मिक नेतृत्वलाई परिचालन गरी सेवाग्राहीहरुलाई स्वास्थ्य सेवा प्रणालीमा मुलप्रवाहीकरण गर्न उत्प्रेरित गरिनेछ ।**

६.६.१ स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारीमा आफ्नो काम, कर्तब्य प्रति थप जवाफदेही र जनमुखी बनाउन नतिजामा आधारित कार्यसम्पादन तथा मूल्याङ्कन प्रणालीको विकास गरिनेछ । साथै सबै स्वास्थ्यकर्मीहरुलाई उनीहरुको कार्य विवरण (Job Discription) प्रदान गरिनेछ ।

६.६.२ स्वास्थ्य सेवालाई गाउँपालिकाको परिवेश अनुकूल तथा समय सापेक्ष बनाउन स्वास्थ्य संस्थाहरुको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी वैज्ञानिक आधारमा सङ्गठनात्मक संरचना तथा जनशक्तिको दरबन्दी परिमार्जन गर्ने व्यवस्था मिलाईनेछ ।

६.६.३ जवाफदेहिपूर्ण एवं प्रभावकारी स्वास्थ्य सेवा प्रवाह गर्न दक्ष जनशक्तिको आवश्यकता पहिचान, उत्पादन तथा परिचालन गर्ने व्यवस्था गरिनेछ ।

६.६.४ स्वास्थ्य संस्थामा तोकिएका सेवाहरु प्रवाह गर्न आवश्यक जनशक्तिको निरन्तर उपलब्धताको सुनिश्चितता गरिनेछ ।

६.६.५ स्वास्थ्य जनशक्तिको क्षमता अभिवृद्धिको लागि सेवाकालीन तालिम, पेशागत वृत्ती विकास तथा कार्य सम्पादनमा आधारित प्रोत्साहनलाई प्रवर्धन गरिनेछ ।

प्रमाणीकरण उमेश चन्द्र ... अध्यक्ष

६.६.६ महिला स्वास्थ्य स्वयंसेविकाको भूमिकालाई समय सापेक्ष परिमार्जन गरी सामुदायिक स्वास्थ्य प्रवर्धनका लागि निरन्तर परिचालन गरिनेछ । महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रमलाई व्यवस्थित गर्न एक छुट्टै कार्यविधि तयार गरी लागु गरिनेछ ।

६.६.७ समुदाय तथा विद्यालयहरुमा आधारभूत स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन रोमिङ नर्स, विद्यालय नर्स, स्वास्थ्य स्वयंसेवक जस्ता मानव संसाधनको व्यवस्था गर्नुका साथै स्वास्थ्य आमा समूह, वडा स्तरीय समिति तथा आम नागरिकहरुलाई प्रभावकारी परिचालन गरिनेछ ।

६.६.८ सामाजिक, साँस्कृतिक तथा धार्मिक नेतृत्वलाई स्वास्थ्य प्रवर्धन, सर्ने तथा नसर्ने रोगहरुको बारेमा अभिमुखिकरण गर्दै लगिनेछ ।

६.६.९ धाँमी झाँक्री ...... लगायतका व्यक्तिहरुलाई जनस्वास्थ्य अभियानहरुमा सहभागी गराइनेछ ।

**नीति ७ गाउँपालिकाबासीको पोषण स्थितिमा सुधार गर्न स्वास्थ्य बर्धक खाद्य पदार्थको उत्पादन, सुरक्षा, प्रवर्धन, पहुँच र उपभोगमा बृद्धि गरिनेछ ।**

६.७.१ पोषण संवेदनशिल कृषि उत्पादन तथा उपभोगको प्रवर्धन गर्न कृषि क्षेत्र लगायत सम्बन्धित सरोकारवालाहरुसँग समन्वय र पैरवी गरी स्थानीय स्तरमा उत्पादन हुने स्वास्थ्यवर्धक रैथाने खाद्य वस्तुको प्रयोग र पहुँचलाई विस्तार गरिनेछ ।

६.७.२ अर्गानीक तथा पोषणयुक्त खाद्यवस्तुको उत्पादन वृद्धि गर्न हरित गृह तथा प्रत्येक परिवारमा सुधारिएको करेशाबारी निर्माण गर्न र खानामा विविधीकरण गरी उपभोग गर्न प्रोत्साहित गरिनेछ ।

६.७.३ पोषणयुक्त दिवा खाजा, बालपौष्टिक आहारका लागि रैथाने कृषि उत्पादनमा आधारित खाद्य पदार्थ उत्पादनका लागि प्रोत्साहन गरिनुका साथै सोको गुणस्तर कायम गर्ने प्रावधान बनाइनेछ ।

६.७.४ बहुक्षेत्रीय पोषण योजना, शीघ्र कुपोषण एकीकृत व्यवस्थापन कार्यक्रम लगायत पोषणसँग सम्बन्धित कार्यक्रम विस्तार, परिष्कृत एवं प्रभावकारी बनाइनेछ ।

६.७.५ स्वास्थ्यमा नकारात्मक असर पार्ने आहार सेवन र पत्रु खाना (जंक फुड) को बिक्री वितरण तथा प्रयोगलाई निरुत्साहित तथा नियमन गरिनेछ ।

६.७.६ दुई वर्ष मुनिका बालबालिकाको नियमित वृद्धि अनुगमन गरिनेछ साथै पहिचान भएका कुपोषित बालबालिकाहरुको उपचार तथा पूर्नस्थापनाका लागि आवश्यकता अुसार पोषण पूर्नस्थापना सेवा केन्द्र स्थापना, सुदृढीकरण एवं बिस्तार गरिनेछ ।

प्रमाणीकरण
उमेश चन्द्र यादव

६.७.७ स्थानीय बजारमा खाद्य पदार्थमा मिसावट र अखाद्य पदार्थ नियन्त्रण गरिनेछ । दुग्धजन्य, मासुजन्य लगायत अन्य खाद्य पदार्थको तोकिएको मापदण्ड अनुसारको गुणस्तर कायम गर्न आवश्यक अनुगमन तथा नियमन गरिनेछ ।

६.७.८ वडा समितिहरुसँग समन्वय र सहकार्य गरी पोषण व्यवहार परिवर्तन गर्ने सम्बन्धी कार्यक्रमहरु नियमित रुपमा संचालन गरिनेछ । स्थानीय पोषिलो खाद्य पदार्थको प्रसोधन तथा बजारीकरणका लागी गाउँपालिकाद्वारा आवश्यक व्यवस्था गरिनेछ ।

**नीति ८ आयूर्वेद तथा बैकल्पिक चिकित्सा पद्धतीहरुको विकास तथा विस्तार गरी समन्वयात्मक रुपमा सेवा प्रवाहलाई व्यवस्थित गरिनेछ ।**

६.८.१ आधारभूत आयुर्वेद एवं बैकल्पिक चिकित्सा सेवा निःशुल्क रुपमा प्रदान गर्न प्रदेश तथा संघसँगको समन्वयमा आवश्यक संस्थागत संरचनाको व्यवस्था गरिनेछ ।

६.८.२ राष्ट्रिय स्वास्थ्य कार्यक्रमसँग एकिकृत गर्दै आयूर्वेद एवं बैकल्पिक चिकित्सा पद्धतीबाट सेवा प्रदान गर्न आयुर्वेद तथा बैकल्पिक चिकित्सालयको स्थापना गरिनेछ ।

६.८.३ जडीबुटी, आयुर्वेद औषधि तथा स्वास्थ्य उपचार सम्बन्धी विभिन्न स्थानीय परम्परागत ज्ञान-सीप, प्रविधिका बारेमा अध्ययन गरी वैकल्पिक चिकित्सा पद्धतीको अनुसन्धान एवं विकास गरिनेछ ।

**नीति ९ वातावरणबाट स्वास्थ्यमा पर्ने प्रतिकूल असरहरु न्यूनीकरण तथा व्यवस्थापन गरिनुका साथै पेशागत स्वास्थ्य सुरक्षा, सरसफाइ र स्वच्छतालाई प्रोत्सहान, प्रवर्धन र ब्यवस्थापन गरी जनस्वास्थ्यमा पर्ने प्रतिकुल असरहरुलाई न्युनीकरण गर्दै लगिनेछ ।**

६.९.१ वडा समितिहरुसँग समन्वय र सहकार्य गरी पूर्ण सरसफाइ युक्त गाउँपालिका बनाईनेछ र सोको दिगोपनाको लागि योजना तयार गरी कार्यान्वयन गरिनेछ ।

६.९.२ गाउँपालिका भित्र जल, वायु, ध्वनी, भूमि लगायतका वातावरणीय प्रदुषण नियन्त्रण गर्नका लागि सम्बन्धित निकायहरुसँग समन्वय गरिनेछ ।

६.९.३ बस्तीहरुमा श्वासप्रश्वास रोगको कारक मानिएको घर भित्र हुने धुँवा नियन्त्रण गर्न सफा चुलोको प्रवर्धन गरिनेछ ।

६.९.४ समुदाय, स्वास्थ्य संस्था तथा विद्यालयमा स्वच्छ खानेपानी तथा उचित सरसफाइको व्यवस्था गरिनेछ । यसका लागि खानेपानी तथा सरसफाई मापदण्ड बनाई लागु गरिनेछ ।

६.९.५ जलवायु तथा मौसम परिवर्तन साथै काम र कार्यस्थलको वातावरणीय अबस्थाका कारणले स्वास्थ्यमा पर्ने हानिबाट बचाउन सरकारी तथा गैरसरकारी सबै क्षेत्रहरुसँग समन्वय गरी स्वास्थ्य सचेतना सम्वन्धी कार्यक्रमहरु तय गरी सञ्चालन गरिनेछ ।

प्रमाणीकरण

६.९.६ सर्वब्यापी सावधानीको अवधारणालाई अनुसरण गरी स्वास्थ्यजन्य लगायत अन्य फोहोरमैला व्यवस्थापनको लागि सबै सरोकारवालाहरुसँगको सहकार्यमा उचित किसिमले फोहोर मैला सङ्कलन, वर्गीकरण र विसर्जनको व्यवस्था गरिनेछ ।

६.९.७ कीटनाशक विषादीको प्रयोगलाई नियमन तथा औद्योगिक रसायनको समुचित विसर्जन गर्न सम्बन्धित क्षेत्रसँग समन्वय र सहकार्य गरिनेछ ।

६.९.८ पेशागत स्वास्थ्य सुरक्षाका लागि व्यवसायजन्य जोखिम न्यूनीकरण र रोकथाम गर्न सरोकारवालाहरुसँग समन्वय तथा सहकार्यमा कार्यक्षेत्रमा हुन सक्ने विपद जोखिम न्यूनीकरणका लागि नियमनको व्यवस्था मिलाईनेछ ।

**नीति १० जनस्वास्थ्यको आपतकालिन अवस्था तथा अन्य महामारी, विपद वा प्रकोपको असरहरुको न्यूनीकरण, प्रतिकार्य एवं पूनःस्थापना बहुपक्षीय सहकार्यद्वारा उचित व्यवस्थापन गरिनेछ ।**

६.१०.१ महामारी, विपद वा प्रकोपको जोखिम नक्साङ्गन गरी जोखिम न्यूनीकरणका लागि बहुपक्षीय सहकार्यमा गाउँपालिकाको स्वास्थ्य सङ्कट तथा विपद पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयन गरिनेछ।

६.१०.२ सम्भावित विपद वा प्रकोपको व्यवस्थापन कार्यका लागि प्रदेश सरकारसँगको सहकार्यमा गाउँपालिका स्वास्थ्य आपत्कालिन कार्यसञ्चालन केन्द्र स्थापना गरी गाउँपालिका देखि वडा तहसम्म द्रुत प्रतिकार्यका लागि तोकिएको मापदण्ड अनुरुप संयन्त्र बनाई परिचालन गरिनेछ ।

६.१०.३ सम्भावित विपद वा प्रकोपको समयमा निरन्तर स्वास्थ्य सेवा प्रवाह गर्न रणनैतिक स्थान वा स्वास्थ्य संस्थाहरुमा आपतकालिन अवस्थामा चाहिने अत्यावश्यक औषधी, उपकरण तथा अन्य सामग्रीहरु जगेडा (बफर स्टक) राख्ने व्यवस्था गरिनेछ ।

६.१०.४ गाउँपालिका तथा वडा स्तरिय द्रुत प्रतिकार्य टोली (RRT) तथा प्रदेश सरकारसँगको समन्वयमा आकस्मिक चिकित्सकीय टोली (Emergency Medical Team) गठन गरी अन्य उद्दार टोलीसँग समन्वय गर्दै आवश्यकता अनुसार परिचालन गरिनेछ ।

६.१०.५ दुर्घटना लगायत अन्य प्राकृतिक तथा मानव सिर्जित प्रकोप रोकथाम तथा जीवन सुरक्षाका लागि सचेतना तथा जनस्वास्थ्य प्रवर्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

**नीति ११ सामाजिक, आर्थिक, भौगोलिक तथा साँस्कृतिक हिसाबले पछाडि वा वञ्चितीमा परेका महिला, दलित, जनजाति, ज्येष्ठ नागरिक, अशक्त वा अपाङ्गता भएका व्यक्ति लगायत सीमान्तकृत समुदायको गुणस्तरीय स्वास्थ्य सेवामा सहज पहुँच र उपभोग सुनिश्चित गरी सामाजिक सुरक्षा कार्यक्रमलाई सुदृढ गरिनेछ ।**

प्रमाणीकरण
उमेश चन्द्र यादव
अध्यक्ष

६.११.१ गाउँपालिका भित्रका सम्पूर्ण स्वास्थ्य संस्था बाल मैत्री, अपाङ्ग मैत्री, ज्येष्ठ नागरिक मैत्री तथा किशोरकिशोरी मैत्री बनाइनेछ ।

६.११.२ स्वास्थ्य बिमा तथा सामाजिक सुरक्षा कार्यक्रम लगायत अन्य योजनाहरु मार्पmत गुणस्तरीय स्वस्थ्य सेवाको पहुँचमा बृद्धि गरी आवश्यकता अनुसार स्वास्थ्य उपचार कोषको माध्यमद्वारा विपन्न र असहाय वर्गको स्वास्थ्य सेवामा पहुँच सुनिश्चितता गरिनेछ ।

६.११.३ पिछडिएको वर्ग, क्षेत्र र समुदायका लागि स्वास्थ्य सेवामा पहँुच अभिवृद्धि गर्न आवश्यकता अनुरुप स्वास्थ्य सेवा केन्द्रहरुको स्थापना, स्वास्थ्य शिविरको सञ्चालन तथा आधुनिक सूचना तथा प्रविधिको प्रयोग गरी स्वास्थ्य सेवा उपलव्ध हुने व्यवस्था मिलाईनेछ ।

६.११.४ महिला, दलित, जनजाति जस्ता लक्षित समुदायमा स्वास्थ्य सम्बन्धी चेतना अभिबृद्धि गर्दै सेवाको उपयोग बृद्धि गर्न तत् समुदायका स्वास्थ्यकर्मीहरुलाई प्राथमिकता दिई सोही समुदायमा परिचालन गर्ने योजना बनाई लागु गरिनेछ ।

६.११.५ लैङ्गिक हिंसाको रोकथाम तथा त्यस्तो हिंसाबाट पीडित व्यक्तिहरुलाई आवश्यक पर्ने स्वास्थ्य सेवाको लागि उचित प्रवन्ध गरिनेछ ।

**नीति १२ सुरक्षित मातृत्व, नवजात शिशु तथा बाल स्वास्थ्य, किशोरावस्थाको स्वास्थ्य, प्रजनन् स्वास्थ्य तथा परिवार योजना सेवाको विकास र विस्तार गरी पहुँच सुनिश्चित गरिनेछ ।**

६.१२.१ घरैमा सुत्केरी हुने दरलाई शून्यमा झारी गाउँपालिकालाई शतप्रतिशत संस्थागत सुत्केरी हुने गाउँपालिकाको रुपमा सुनिश्चित गरिनेछ ।

६.१२.२ गाउँपालिका भित्र सञ्चालित बर्थिङ सेन्टरहरुलाई मानव स्रोत र भौतिक साधन सम्पन्न बनाइनेछ । सुत्केरी कक्ष तथा कुरुवा कक्ष (Waiting Room) लाई वातानुकूलित बनाउने उचित व्यवस्था गरिनेछ ।

६.१२.३ नवजात शिशु स्वास्थ्य संरक्षणका लागि गाउँपालिका भित्रका स्वास्थ्य संस्था स्तर अनुसार नवजात शिशु कर्नर लगायतका सेवा सुविधा विस्तार गरिनेछ ।

६.१२.४ मातृ मृत्युदर, नवजात शिशु मृत्युदर र बाल मृत्युदरलाई न्यूनीकरण गर्न विशेष जोड दिईनेछ ।

६.१२.५ नवजात शिशु तथा बालरोगको एकिकृत व्यवस्थापनलाई थप सुदृढ गर्दै यसको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

६.१२.६ आधारभूत तथा आकस्मिक प्रसूती सेवालाई सुदृढ गर्दै गाउँपालिका तहको प्राथमिक अस्पतालमा नवजात शिशु सेवा बिस्तार गरिनेछ ।

प्रमाणिकरण
उमेश चन्द्र शाह
अध्यक्ष

६.१२.७ महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको अवस्थाको विश्लेषण गरी आवश्यकता अनुसार परिवार योजना कार्यक्रम बनाई लागु गरिनेछ ।

६.१२.८ सबै संस्थागत मातृ मृत्यु तथा नवजात शिशु मृत्युको कारण पुनरावलोकन गर्ने पद्धति (Maternal and Perinatal Death Surveillance and Response (MPDSR)लाई अनिवार्य गराईनेछ । समुदाय स्तरमा भएका मातृ तथा नवजात शिशु मृत्युहरुको Verbal Autopsy गरिनेछ ।

६.१२.९ हाल सञ्चालित राष्ट्रिय विस्तारित खोप कार्यक्रमलाई सुदृढ गरी यस गाउँपालिकालाई पूर्ण खोप सुनिश्चित गाउँपालिका बनाईनेछ ।

६.१२.१० सुरक्षित गर्भपतन सेवालाई व्यवस्थित गर्दै गुणस्तरीय र प्रभावकारी बनाईनेछ । लैंगिक पहिचानको आधारमा गरिने गर्भपतनलाई पूर्णरुपमा निरुत्साहित गरिनेछ ।

६.१२.११ परिवार नियोजनका अस्थायी साधनको नियमित एवं निरन्तर आपूर्ति सबै स्वास्थ्य संस्थाहरुमा ५ प्रकारका अस्थायी परिवार नियोजनको साधन सेवा सुनिश्चित गरी आवश्यकता अनुसार स्थायी बन्ध्याकरण शिविरको सञ्चालन गरिनेछ ।

६.१२.१२ गुणस्तरीय यौन तथा प्रजनन स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न स्वास्थ्य संस्थाहरुमा मापदण्ड अनुसारको सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य सेवाको सुनिश्चित गरिनेछ ।

६.१२.१३ सरोकारवालासँगको सहकार्यमा एक विद्यालय एक नर्सको अवधारणा, महिनावारी स्वास्थ्य सम्बन्धी चेतनामुलक कार्यक्रम, स्वास्थ्य परिक्षण जस्ता विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रमलाई प्रवर्धन गरिनेछ ।

**नीति १३ स्वास्थ्य क्षेत्रका प्रगति एवं उपलब्धिहरुलाई संस्थागत गर्दै थप उपलब्धि हाँसिल गर्न सरकारी तथा निजी क्षेत्रबाट संचालित स्वास्थ्य सेवाको गुणस्तरीयता सुनिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन, सुपरिवेक्षण तथा नियमन गरिनेछ ।**

६.१३.१ स्वास्थ्य क्षेत्रमा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाई प्रभावकारी बनाइनुका साथै स्वास्थ्य सेवाको थप विस्तार तथा विकास गर्न निजी तथा गैरसरकारी संस्थाहरूसँग आवश्यक सहकार्य तथा साझेदारी गरिनेछ ।

६.१३.२ गाउँपालिका भित्र मापदण्ड, निर्देशिका तथा कानुन बनाई सबै प्रकारका उपचार सेवा, निदानात्मक सेवा, प्रयोगशाला सेवा, थेरापी सेवा जस्ता सेवा प्रदायक निजी स्वास्थ्य संस्थाको दर्ता, सञ्चालन अनुमति तथा नियमन गर्ने व्यवस्था गरिनेछ ।

६.१३.३ गाउँपालिकामा निर्माण हुने हरेक क्षेत्रगत नीतिमा स्वास्थ्यको विषयलाई महत्वका साथ समाबेश गरिनेछ ।

६.१३.४ स्वास्थ्य क्षेत्रमा अधिकतम प्रतिफल प्राप्त गर्न बहुक्षेत्रीय समन्वय र सहकार्य गरी अन्तर संस्थागत समन्वय सुनिश्चित गरिनेछ ।

प्रमाणीकरण उमेश चन्द्र यादव अध्यक्ष

६.१३.५ स्वास्थ्य क्षेत्रमा निजी तथा गैरसरकारी क्षेत्रसँग सहकार्य तथा साझेदारीलाई व्यवस्थित तथा प्रोत्साहन गर्न सार्वजनिक-निजी साझेदारी रणनीति बनाई लागु गरिनेछ ।

६.१३.६ स्वास्थ्य क्षेत्रको समग्र अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन गर्न एक अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन निर्देशिका तयार गरिनेछ र सोहि अनुसार नियमित अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन गर्ने पद्दतीको विकास गरिनेछ ।

**नीति १४ बिभिन्न सङ्क्रामक, कीटजन्य, पशुपन्छीजन्य लगायतका रोगहरुको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन प्रभावकारी रुपमा गरिनेछ ।**

६.१४.१ सङ्क्रामक रोगहरूको निगरानी, रोकथाम, नियन्त्रण तथा निवारणको लागि संघ तथा प्रदेश सरकारको समन्वयमा प्रभावकारी कार्यक्रमहरू सञ्चालन तथा अनुगमन गरिनेछ ।

६.१४.२ सर्पदशं, पशुपन्छीजन्य तथा कीटजन्य रोगहरुको रोकथाम, नियन्त्रण र उपचारको लागि उचित व्यवस्था गरिनेछ ।

६.१४.३ झाडा-पखाला, टाईफाईड, फ्लू जस्ता रोगहरुको रोकथाम तथा उपचारको उचित व्यवस्था गरिनेछ ।

६.१४.४ खोपबाट गर्न सकिने रोगहरुको रोकथाम, नियन्त्रण तथा निवारणका लागि निगरानी कार्य गरी गाउँपालिकालाई पूर्णखोप दिगोपना सुनिश्चित गाउँपालिका घोषणा गरिनेछ र यसलाई निरन्तरता दिइनेछ ।

**नीति १५ नसर्ने रोग तथा मानसिक रोगको रोकथाम तथा व्यवस्थापन, सुर्तीजन्य बस्तुको प्रयोग, मादक पदार्थ सेवन, लागुपदार्थ दुव्र्यसनी लगायतका स्वास्थ्य समस्याहरुलाई नियन्त्रण तथा निरुत्साहित गरी स्वस्थकर जीवनयापन गर्न प्रोत्साहन र प्रवर्धन गरिनेछ ।**

६.१५.१ तोकिए बमोजिमका अवस्थाको समयमै नसर्ने रोगको पहिचान गर्न आवश्यक स्वास्थ्य संस्थामा स्क्रिनिङ्ग सेवा सञ्चालन गरिनेछ ।

६.१५.२ प्रमुख नसर्ने रोगहरुको रोकथाम र व्यवस्थापनका लागि WHO Package of Essential Non-Communicable (PEN) Disease Interventions लाई विस्तार गर्दै सामाजिक सुरक्षा योजनाहरु मार्पmत विपन्न र असहायलाई आर्थिक सहुलियत प्रदान गरिनेछ । उच्च रक्तचाप, मधुमेह, मृर्गौला रोग, मुटु रोग, अर्वुद रोग, दम, मोटोपना जस्ता नसर्ने रोगहरुको निदान, उपचार र व्यवस्थापन गर्न विशेष एकिकृत अभियान सञ्चालन गरिनेछ ।

६.१५.३ मानसिक स्वास्थ्य समस्या रोकथाम र व्यवस्थापनको लागि प्राथमिक मानसिक स्वास्थ्य सेवालाई सबै आधारभूत तहका स्वास्थ्य संस्थाहरुबाट प्रवाह गर्नका लागि आधुनिक तथा वैकल्पिक चिकित्सा पद्धतीबाट मनोसामाजिक परामर्श तथा उपचार सेवा बिस्तार गरिनेछ ।

६.१५.४ लागु पदार्थको नियन्त्रण, मदिरा तथा सुर्तीजन्य पदार्थको विक्री वितरण तथा प्रयोगलाई निरुत्साहित गर्दै बहुक्षेत्रीय सहकार्यमा नियमन गरिनेछ ।



प्रमाणीकरण
उमेश यादव
अध्यक्ष

६.१५.५ स्वस्थ सकारात्मक व्यवहार परिवर्तन तथा स्वास्थ्य प्रवर्धनको लागि समुदायका राजनीतिक, सामाजिक तथा साँस्कृतिक नेतृत्व परिचालन, सूचना प्रविधिको प्रयोग तथा सञ्चार माध्यमसँग समन्वय तथा सहकार्य गरिनेछ ।

६.१५.६ स्वास्थ्य प्रवर्धनको लागि स्वस्थ आहार विहार, योग तथा ध्यान विधि प्रवर्धन गर्न सामुदायिक योग केन्द्र, व्यायामशाला, स्वस्थ हरित पार्क, पुनस्र्थापना केन्द्र लगायतका सेवा केन्द्रहरु आवश्यकता अनुसार स्थापना गरिनेछ ।

६.१५.७ विभिन्न सञ्चार माध्यमहरु मार्फत जनचेतनामुलक स्वास्थ्य सन्देशहरु नियमित प्रवाह गरिनेछ ।

## ७ संस्थागत संरचना

७.१ स्वास्थ्य क्षेत्रमा नीतिगत सामञ्जस्यता कायम गर्न, स्वास्थ्यका योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन तथा आवश्यकता अनुसार निर्देशन प्रदान गर्न गाउँपालिका तहमा स्वास्थ्य समिति तथा अन्य उपसमितिहरुको व्यवस्था गरिनेछ ।

७.२ यस नीति कार्यान्वयनका लागि गाउँपालिकाको नेतृत्वमा पालिका स्तरमा स्वास्थ्य शाखा हुनेछ भने स्वास्थ्य सेवा प्रदायकका रुपमा विभिन्न स्वास्थ्य संस्थाहरु हुनेछन् । त्यसैगरी आधारभूत लगायत अन्य स्वास्थ्य सेवा प्रवाहका लागि गाउँपालिका स्तरमा प्राथमिक अस्पताल स्थापना गरिनेछ ।

७.३ मानव संशाधन विकासका लागि प्रदेश सरकार, प्रदेश लोकसेवा, स्वास्थ्य प्रतिष्ठान वा मेडिकल कलेज र अन्य स्वास्थ्य जनशक्ति उत्पादन गर्ने निकायहरुसँग क्षमता अभिवृद्धिका लागि समन्वय गरिनेछ । नेपाल सरकारले तोकेको मापदण्ड अनुसारको स्वास्थ्य संस्थाहरु भएको सुनिश्चित गरिनेछ जसमा आवश्यकता अनुसार थप सेवा सुविधाहरु थप गरिनेछ ।

## ८ आर्थिक पक्ष

यस नीतिको कार्यान्वयन मूलतः प्रतापपुर गाउँपालिकाको नियमित बजेटबाट गरिनेछ । यस नीतिमा रहेका उद्देश्यहरु हासिल गर्न प्रतापपुर गाउँपालिकाको सबै शाखाहरुको कार्यक्रम तथा बजेटमा तालमेल मिलाई सबै नीतिमा स्वास्थ्यको अवधारणालाई अगाडी ल्याइनेछ । नेपाल सरकार र लुम्बिनी प्रदेश सरकारको नियमित वार्षिक कार्यक्रम मार्फत यस नीतिले अवलम्बन गरेका रणनीति तथा कार्यनीतिहरु सम्बोधन गराउन पहल गरिनेछ । यसका साथै यो नीति कार्यान्वयन गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय विकास साझेदारहरु, संयुक्त राष्ट्र संघीय निकायहरु, गैरसरकारी संस्थाहरु र निजी क्षेत्रसँग समेत समन्वय, सहकार्य र साझेदारी गरी आवश्यक श्रोत व्यवस्थापन गरिनेछ ।

प्रमाणीकरण

उमेश चन्द्र यादव
अध्यक्ष

## ९ अनुगमन र मूल्यांकन

यस नीति कार्यान्वयनको क्रममा अनुगमन गर्ने र अपेक्षित नतिजा र प्रतिफल प्राप्तीको मूल्याङ्कन गर्ने दायित्व प्रमुख रुपमा पालिका स्तरीय स्वास्थ्य समिति तथा अनुगमन समितिको हुनेछ । यसको लागि उक्त समितिहरुको क्षमता विकास गरिनेछ । स्वास्थ्य क्षेत्रको समग्र अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षण गर्न एक निर्देशिका तयार गरिनेछ र सोहि अनुरुप अनुगमन गरिनेछ । वडा समितिहरु एवं अन्य सरोकारवाला निकायसँगको समन्वय र सहकार्यमा सहभागिता मुलक अनुगमन प्रक्रिया अवलम्बन गरिनेछ ।

## १० नीति कार्यान्वयनको कार्ययोजना

नीति कार्यान्वयनका लागि प्रतापपुर गाउँपालिकाले आवश्यक ऐन, नियमावली, निर्देशिका, कार्यबिधि आदि तर्जुमा गर्नेछ । स्वास्थ्यसँग सम्बन्धित आवश्यक ऐन कानुन, नियमावली तथा अन्तराष्ट्रिय स्तरमा नेपालले गरेका प्रतिवद्धताको अधिनमा रही यस नीति कार्यान्वयनको कार्ययोजना बनाइनेछ । सोहि योजना अनुसार बार्षिक योजना तथा कार्यक्रम र बजेट निर्माण कार्यान्वयन गरिनेछ । वार्षिक रुपमा कार्ययोजना कार्यान्वयनको समीक्षा गरी पुनरावलोकन गरिनेछ । प्रत्येक पाँच वर्षमा यस नीतिको समीक्षा गरी आवश्यकता अनुसार परिमार्जन गर्दै लगिनेछ ।

## ११ जोखिम

बढ्दो जनआकाङ्क्षा, गाउँपालिका संस्थागत बिकासको चरणमा रहेको, सिमित साधन र स्रोतको उपलब्धता, स्वास्थ्य क्षेत्रलाई समग्र बिकासको मुद्दाको रुपमा स्थापित गराउनु पर्ने बिद्यमान अवस्थामा आवश्यक पर्ने समन्वय, स्रोत र साधन व्यवस्थापन हुन नसकेमा कार्यान्वयनमा कठिनाई भई यस नीति तथा रणनीतिले अपेक्षा गरेका नतिजाहरु प्राप्तिमा केही जोखिम हुन सक्छन् । यद्यपी उल्लेखित जोखिमको बाबजुद गाउँपालिकावासीलाई सुदृढ एवं सक्षम स्वास्थ्य प्रणाली मार्फत समतामूलक गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न प्रतापपुर गाउँपालिकाको स्वास्थ्य तथा सरसफाइ नीति २०७९ को प्रभावकारी कार्यान्वयन गर्न जोखिमहरुको न्यूनीकरण गरिनेछ ।